बैठक संख्या:१६२

आज मिति २०८१/४/१० गते बिहिवार बिहान ११:०० बजे यस गजुरी गाउँपलिका, धादिङ्गका अध्यक्ष श्री गणेश लाल श्रेष्ठज्यूको अध्यक्षता तथा तपशिल बमोजिमको कार्यपलिका सदस्य ज्यूहरुको उपस्थितिमा गाउँपालिका कार्यालय, गजुरीमा सम्पन्न गाउँकार्यपालिका बैठकमा देहायका विषयमा छलफल गरि निम्न निर्णय गरियो ।

उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री गणेश लाल श्रेष्ठ | अध्यक्ष | |
| २ | श्री शर्मिला विशुराल | उपाध्यक्ष | |
| ३ | श्री तारानाथ भण्डारी | वडा अध्यक्ष | |
| ४ | श्री द्रोण कर्डेल | वडा अध्यक्ष | |
| ५ | श्री ऋषिलाल श्रेष्ठ | वडा अध्यक्ष | |
| ६ | श्री सुरेन्द्र प्रजा | वडा अध्यक्ष | |
| ७ | श्री गोविन्द लामिछाने | वडा अध्यक्ष | |
| ८ | श्री भक्त वहादुर तामाङ | वडा अध्यक्ष | |
| ९ | श्री वद्री प्रसाद जम्मकट्टेल | वडा अध्यक्ष | |
| १० | श्री देवराज ओझा | वडा अध्यक्ष | |
| ११ | श्री आयुष प्रजा | कार्यपालिका सदस्य | |
| १२ | श्री सनक वहादुर प्रजा | कार्यपालिका सदस्य | |
| १३ | श्री मैयाँ डल्लाकोटी | कार्यपालिका सदस्य | |
| १४ | श्री गंगा श्रेष्ठ | कार्यपालिका सदस्य | |
| १५ | श्री तारा लामा | कार्यपालिका सदस्य | तारा |
| १६ | श्री फुलमाया तामाङ | कार्यपालिका सदस्य | |
| १७ | श्री राजु अधिकारी | सचिव | |

प्रस्तावहरुः

१. चालु आ.व. २०८१/८२ को लागि वार्षिक कार्यक्रम संचालन सम्वन्धमा ।

२. चालु आ.व. २०८१/८२ को लागि आन्तंरिक आय व्यवस्थापन रणनीति तर्जुमा।

३. जिल्ला दररेट अनुमोदन सम्वन्धमा ।

४. अख्तियारी सम्वन्धमा ।

५. खरिद इकाइ गठन अनुमोदन सम्वन्धमा ।

६. उपभोक्ता समितिबाट गरिने वजेट रकमको सीमा सम्वन्धमा ।

निर्णयहरु

१. चालु आ.व. २०८१/८२ को लागि वार्षिक कार्यक्रम संचालन सम्वन्धमा ।

प्रस्ताव नं १ मा भएको छलफलबाट चालु आर्थिक वर्ष २०८१/८२ का लागि सभावाट स्वीकृत वार्षिक कार्यक्रमहरु कार्यान्वयनका सन्दर्भमा वजेट कार्यान्वयन तालिका बनाइ पेश गर्नका लागि सवै शाखाहरुलाई प्रपअ मार्फत निर्देशन दिने निर्णय गरियो ।

२. चालु आ.व. २०८१/८२ को लागि आन्तरिक आय व्यवस्थापन रणनीति तर्जुमा।

प्रस्ताव नं २ मा भएको छलफलबाट चालु आ.व.को लागि स्वीकृत बजेटमा आन्तरिक आयको हिस्सा उच्च रहेकाले समयमा राजस्व अभिवृद्धि सम्वन्धी स्पष्ट खाका नभएमा उक्त लक्ष्य प्रासिमा कठिन हुने भएकाले आन्तरिक कर व्यवस्थापनका लागि संभाव्य सवै विकल्प सहित ठोस कार्ययोजना बनाइ पेश गर्नका लागि राजस्व परामर्श समितिलाई निर्देशन दिने निर्णय गरियो ।

३. जिल्ला दररेट अनुमोदन सम्वन्धमा ।

निर्णय प्रमाणित
२०८१/०४/११
राजु अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

प्रस्ताव नं ३ मा भएको छलफलबाट आर्थिक वर्ष २०८१/८२ का लागि जिल्ला दररेट निर्धारण समिति धादिङ बाट स्वीकृत भएको जिल्ला दररेट यस गाउँपाललिकाले पनि लागू गर्ने गरि अनुमोदन गर्ने निर्णय गरियो ।

४. अख्तियारी सम्बन्धमा ।

प्रस्ताव नं ४ उपर छलफल गर्दा सर्वोच्च अदालतको रिट नं. ०८०-WO-१४९३ उत्प्रेषण मुद्दा सम्बन्धी मिति २०८१।०३।३१ गतेको छलफलका निम्ति गजुरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको च.नं. २४४०, मिति २०८१।०३।३० गतेको पत्रबमोजिम अख्तियारी यस कार्यालयका ईन्जिनियर (सातौं) श्री सुजन अधिकारीलाई दिइएको विषयलाई अनुमोदन गरियो र साथै उक्त मुद्दा सम्बन्धी अख्तियारी यस कार्यालयको तर्फबाट निज कर्मचारी श्री सुजन अधिकारीलाई नै दिने निर्णय गरियो ।साथै जिल्ला अदालत काठमाडौंमा मिति २०७८/०३/११ मा दर्ता भएको निषेधाज्ञा (मुद्दा नं ०७७-WO-०१६५) मुद्दाको सम्वन्धमा यस अघि जो जसले अख्तियारी लिएको तथा वारेस लिएको भएता पनि उक्त अख्तियारी तथा वारेस खारेज गरि यस कार्यालयमा कार्यरत शाखा अधिकृत (सातौ) श्री पुजन प्रसाद अधिकारीलाई आवश्यकता अनुरुप वारेस राखसक्ने गरि अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

५. खरिद इकाइ गठन अनुमोदन सम्वन्धमा ।

प्रस्ताव नं ५ मा भएको छलफलबाट यु गाउँपालिकाबाट खरिद हुने जिन्सि सामाग्री, सेवा परामर्श तथा निर्माणजन्य कार्यको लागि आवश्यक खरिद गुरुयोजना, खरिद योजना वमोजिम खरिद व्यवस्थापन सम्बन्धी सबै कार्य गर्न देहाय बमोजिम गठन भएको खरिद इकाइलाई अनुमोदन गर्ने निर्णय गरियो ।

देहायः

| | |
|---|---|
| संयोजकः श्री पुजन प्रसाद अधिकारी | शाखा अधिकृत सातौं |
| सदस्यः श्री सुजन अधिकारी, अधिकृतस्तर सातौं | पूर्वाधार विकास शाखा |
| सदस्यः श्री एकिन्द्र चेपाङ, अधिकृतस्तर छैटौं | जिन्सी व्यवस्थापन शाखा |
| सदस्यः श्री सन्तोष पौडेल, शिक्षा अधिकृत सातौं | शिक्षा शाखा |
| सदस्य सचिवः श्री प्रेमलाल भुसाल, सहायकस्तर पाचौं | |

निर्णय प्रमाणित

२०८१/०५/११

राजु अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

६. उपभोक्ता समितिबाट गरिने बजेट रकमको सीमा सम्बन्धमा ।

प्रस्ताव नं ६ मा भएको छलफलबाट आर्थिक वर्ष २०८१/८२ मा उपभोक्ता समिति मार्फत संचालन गरिने कार्यक्रमहरु मध्ये उपभोक्ता समितिको कार्यसम्पादन क्षमताको आधारमा रहि बढीमा ३० लाख सम्मको आयोजनाहरु उपभोक्ता समिति मार्फत संचालन गर्ने/गराउने निर्णय गरियो ।

निर्णय प्रमाणित
६
२०८१।०५।११
राजु अधिकारी
प्रमुख प्रशासकीय अधिकृत